HEART OF JESUS BIBLE SCHOOL
EQUIPPING.EDIFYING.EXHORTING
RAISING AARON AND HUR FOR PASTORAL MINISTRY

Ramailotar, Ekta Marga 2, Tutepani, Khumaltar-14, Lalitpur, Nepal

Phone: +977 9809693191, Email: heartofjesuschurch100@gmail.com

# Rules of Heart of Jesus Bible School

## हार्ट अफ जीसस बाइबल स्कूलका नियमहरु

1. All students of Heart of Jesus Bible School are required to follow these rules. Students who break school rules will be disciplined and possibly expelled.
हार्ट अफ जीसस बाइबल स्कूलका सबै विद्यार्थीहरूले यी नियमहरू पालना गर्नु अनिवार्य छ। बाइबल स्कूलका नियम उल्लङ्घन गर्ने विद्यार्थीहरूलाई अनुशासनको कारबाही गरिनेछ अथवा सम्भवत: निष्कासन गरिनेछ।

2. All students must submit to the school authority, following the instructions given by the resident assistants, teachers, or church staff. (We are not asking you to do anything that violates the Scriptures or your conscience.)
सबै विद्यार्थीहरूले निवासी सहायक, शिक्षक वा चर्चका कर्मचारीहरूले दिएका निर्देशनहरू पालना गर्दै बाइबल स्कूल प्रशासनको अधीनमा रहनुपर्छ। (हामी तपाईंलाई धर्मशास्त्र वा तपाईंको विवेकविरुद्ध हुने कुनै पनि काम गर्न अनुरोध गरिरहेका छैनौं)।

3. Illegal drugs, alcohol, and tobacco are not permitted anywhere inside Heart of Jesus Bible School or Church compound. Any student who is found to have these things in his/her possession (which means in your pocket or among your belongings in the dorm or classroom) will be sent home. Any student who is found taking or distributing illegal drugs, drinking alcohol, or using tobacco, whether on or off-campus, will be immediately expelled.
हार्ट अफ जीसस बाइबल स्कूल वा चर्च परिसरभित्र कहीँ पनि अवैध लागूऔषध, मदिरा र सुर्ती-धुम्रपानजन्य पदार्थको अनुमति छैन। यी वस्तुहरू कसैको साथमा (अर्थात् खल्तीमा वा छात्रावास अथवा कक्षाकोठामा रहेका आफ्ना सामानहरूबीच) भेटिएमा त्यस विद्यार्थीलाई घर पठाइनेछ। परिसरभित्र वा बाहिर जहाँसुकै अवैध लागूऔषध सेवन वा वितरण गर्ने, मदिरा सेवन गर्ने वा सुर्तीजन्य पदार्थ प्रयोग गर्ने पाइएमा त्यस विद्यार्थीलाई तुरुन्तै निष्कासन गरिनेछ।

4. The school authorities will occasionally perform an unannounced inspection of the dormitory and classroom, searching for prohibited items.
बाइबल स्कूल प्रशासनले समय-समयमा निषेधित वस्तुहरूको खोजीका लागि छात्रावास र कक्षाकोठाको पूर्वसूचना नदिई निरीक्षण गर्नेछ।

5. Students who are required by a physician to take medicine must first inform the resident assistant (RA) and produce the doctor's prescription. Without a prescription, any medicines in your

possession, except over-the-counter medicines like aspirin, will be considered a banned substance. If you are not sure about your situation, speak with your RA.

चिकित्सकको सल्लाहअनुसार औषधि सेवन गर्नुपर्ने विद्यार्थीहरूले पहिले निवासी सहायक (RA) लाई जानकारी दिनुपर्छ र चिकित्सकको सिफारिस-पत्र देखाउनुपर्छ । सिफारिस-पत्र नभई, एस्पिरिनजस्ता बिना सिफारिस किन्न सकिने औषधिबाहेक तपाईंसँग रहेका कुनै पनि औषधिलाई प्रतिबन्धित पदार्थ मानिनेछ । आफ्नो अवस्थाबारे अनिश्चित हुनुहुन्छ भने आफ्नो निवासी सहायक सँग कुरा गर्नुहोस् ।

**6.** Students are not permitted to chew pan (or anything that results in spitting) while enrolled at HJBS. Students are not permitted to chew gum inside the classroom, the dorm, or inside the church buildings. Gum and candy wrappers must be properly discarded and not strewn on the ground.

HJBS मा भर्ना भएको अवधिभर विद्यार्थीहरूलाई पान (वा थुक्नुपर्ने कुनै पनि कुरा) चपाउने अनुमति छैन । कक्षाकोठा, छात्रावास वा चर्च भवनभित्र चुइँगम चपाउने अनुमति पनि छैन । चुइँगम र चकलेटका खोलहरू उचित स्थानमा फाल्नुपर्छ, भुइँमा छरपष्ट पार्नु हुँदैन ।

**7.** Students are not permitted to gamble, make bets, or play cards.

विद्यार्थीहरूलाई जुवा खेल्न, बाजी थाप्न वा तास खेल्न अनुमति छैन ।

**8.** Students are not permitted to borrow money from fellow students or the staff. (Those who have financial needs should speak with their RA.) Students may not take items from local shops or restaurants on credit. Students are not permitted to conduct business while enrolled at HJBS.

विद्यार्थीहरूलाई सँगी विद्यार्थी वा कर्मचारीसँग पैसा सापट लिने अनुमति छैन । (आर्थिक आवश्यकता परेमा आफ्नो RA सँग कुरा गर्नुपर्छ) । विद्यार्थीहरूले स्थानीय पसल वा रेस्टुरेन्टबाट उधारोमा सामान लिन पाउँदैनन् । HJBS मा भर्ना भएको अवधिभर विद्यार्थीहरूलाई व्यापार-व्यवसाय गर्ने अनुमति छैन ।

**9.** Students must attend ALL class sessions and ALL church services. If a student is sick, he/she must report to the respective RA. But be aware that we rarely allow students to skip class or church even if they don't feel well.

विद्यार्थीहरूले सबै कक्षा र चर्चका सबै आराधना सभाहरूमा अनिवार्य रूपमा उपस्थित हुनुपर्छ । कुनै विद्यार्थी बिरामी भएमा सम्बन्धित RA लाई जानकारी दिनुपर्छ । तर ध्यान दिनुहोस्, अस्वस्थ महसुस गरे पनि कक्षा वा चर्च छुटाउने अनुमति हामी विरलै दिन्छौं ।

**10.** All students will reside in the school dormitory while enrolled at HJBS. Students are not permitted to stay off-campus during the school term. HJBS does not have a day boarding facility.

HJBS मा भर्ना भएको अवधिभर सबै विद्यार्थीहरू बाइबल स्कूलको छात्रावासमा बस्नेछन् । बाइबल स्कूल सत्रको अवधिमा परिसरबाहिर बस्ने अनुमति छैन । HJBS मा डे-बोर्डिङ (दैनिक आवतजावत) सुविधा छैन ।

**11.** Visitors who desire to meet with students must first report to the school's office, who will arrange the meeting. Outsiders are not permitted in the classroom or the dormitory. HJBS graduates may

sit in on the class with the permission of the school administrator.
विद्यार्थीहरूलाई भेट्न चाहने आगन्तुकहरूले पहिले बाइबल स्कूल कार्यालयमा सम्पर्क गर्नुपर्छ, जसले भेटको व्यवस्था मिलाउनेछ । बाहिरी व्यक्तिहरूलाई कक्षाकोठा वा छात्रावासमा अनुमति छैन । HJBS बाट उत्तीर्ण विद्यार्थीहरूले बाइबल स्कूल प्रशासकको अनुमति लिएर कक्षामा सहभागी हुन सक्छन् ।

12. Profanity and vulgar language are forbidden. In addition, students must not gossip, slander others, or create strife. Students who tease, ridicule, or bully others will be disciplined. Students who continually create disturbances may be dismissed.
गाली-गलौज र अश्लील भाषा निषेधित छ । साथै, विद्यार्थीहरूले कुरा काट्ने, अरूको बदनाम गर्ने वा झगडा सिर्जना गर्ने काम गर्नु हुँदैन । अरूलाई जिस्क्याउने, खिल्ली उडाउने वा हेपाहा व्यवहार गर्ने विद्यार्थीहरूलाई अनुशासनको कारबाही गरिनेछ । निरन्तर अशान्ति फैलाउने विद्यार्थीहरूलाई निष्कासन गर्न सकिन्छ ।

13. Students must not participate in any illegal activity while enrolled at HJBS. Knives, explosives, poisons, and other harmful items are not permitted inside the church compound.
HJBS मा भर्ना भएको अवधिभर विद्यार्थीहरूले कुनै पनि गैरकानूनी गतिविधिमा संलग्न हुनु हुँदैन । चक्कु, विस्फोटक पदार्थ, विष र अन्य हानिकारक वस्तुहरू चर्च परिसरभित्र राख्ने अनुमति छैन ।

14. Sexual immorality is not permitted in any form. This includes adultery, fornication, homosexuality, pornography, and masturbation. Any student engaging in these activities will be sent home.
यौन अनैतिकता कुनै पनि रूपमा स्वीकार्य छैन । यसमा व्यभिचार, अवैध यौनसम्बन्ध, समलैङ्गिकता, अश्लील सामग्री (पोर्नोग्राफी) र हस्तमैथुन पर्दछन् । यी गतिविधिमा संलग्न हुने जुनसुकै विद्यार्थीलाई घर पठाइनेछ ।

15. Students are forbidden to touch a person of the opposite sex in a romantic way, such as hugging, holding hands, kissing, caressing, etc.
विद्यार्थीहरूलाई विपरीत लिङ्गको व्यक्तिलाई रोमान्टिक तवरले छुन निषेध गरिएको छ – जस्तै अँगालो हाल्ने, हात समात्ने, चुम्बन गर्ने, सुमसुम्याउने आदि ।

16. Students must not engage in “sexting” (sending nude or sensual videos/photos or sexually explicit messages on their cell phones to others). Those who violate this rule will be expelled.
विद्यार्थीहरूले “सेक्सटिङ” मा संलग्न हुनु हुँदैन (अरूलाई मोबाइलबाट नग्न वा कामुक भिडियो/फोटो वा यौनसम्बन्धी स्पष्ट सन्देशहरू पठाउने)। यो नियम उल्लङ्घन गर्नेलाई निष्कासन गरिनेछ ।

17. Students must not attempt to form a romantic relationship with fellow students or anyone on staff. Being flirtatious is not allowed. Stalking (pestering someone either in person or online) is forbidden.
विद्यार्थीहरूले सँगी विद्यार्थी वा कुनै पनि कर्मचारीसँग रोमान्टिक सम्बन्ध बनाउने प्रयास गर्नु हुँदैन । छेडखानी गर्ने अनुमति छैन । कसैलाई प्रत्यक्ष वा अनलाइन माध्यमबाट पिछा गरी सताउने कार्य निषेधित छ ।

18. Male students are not allowed to ask any questions to female staff, and female students are not allowed to ask any questions to male staff. Students should ask their respective RA.

पुरुष विद्यार्थीहरूले महिला कर्मचारीलाई र महिला विद्यार्थीहरूले पुरुष कर्मचारीलाई कुनै पनि कुरा सोध्ने अनुमति छैन । विद्यार्थीहरूले आ-आफ्नो RA लाई सोध्नुपर्छ ।

**19.** All students are requested to keep their personal belongings carefully secured with a lock in the dormitory. Though HJBS will try to maintain security, the school cannot be responsible for lost, stolen, or damaged personal items in the dorm. Do not keep large sums of cash in the dorm. Students may deposit money and expensive articles with the church office for safekeeping.
सबै विद्यार्थीहरूलाई छात्रावासमा आफ्ना व्यक्तिगत सामानहरू तालाले सुरक्षित राख्न अनुरोध गरिन्छ । HJBS ले सुरक्षा कायम राख्ने प्रयास गरे पनि छात्रावासमा हराएको, चोरी भएको वा बिग्रेको व्यक्तिगत सामानको जिम्मेवारी बाइबल स्कूलले लिनेछैन । छात्रावासमा ठूलो रकम नगद नराख्नुहोस् । विद्यार्थीहरूले पैसा र बहुमूल्य सामान सुरक्षित राख्न चर्च कार्यालयमा जम्मा गर्न सक्छन् ।

**20.** In the classroom, men should wear decent trousers or pants, a nice shirt, and shoes. Men may not wear half-pants or ordinary rubber chappals ('flip-flops'). Good quality sandals and jeans are acceptable. Torn and ragged clothing is not allowed.
कक्षाकोठामा पुरुषहरूले मर्यादित पाइन्ट/ट्राउजर, राम्रो सर्ट र जुत्ता लगाउनुपर्छ । पुरुषहरूले हाफ-पाइन्ट वा साधारण रबरको चप्पल लगाउन पाउँदैनन् । राम्रो गुणस्तरका स्यान्डल र जिन्स स्वीकार्य छन् । च्यातिएको र फाटेको लुगा लगाउन अनुमति छैन ।

**21.** Women may wear dresses, skirts and blouses, sari, salwar, or ladies' pants to class. Cosmetics may be used in moderation. Women should never dress provocatively. Low-cut blouses, short skirts, transparent clothing, and excessive make-up are not appropriate for Bible school students.
महिलाहरूले कक्षामा ड्रेस, स्कर्ट र ब्लाउज, साडी, सलवार वा महिलाको पाइन्ट लगाउन सक्छन् । श्रृङ्गार सामग्री सीमित मात्रामा प्रयोग गर्न सकिन्छ । महिलाहरूले कहिल्यै उत्तेजक पहिरन लगाउनु हुँदैन । लो कट ब्लाउज, छोटो स्कर्ट, छर्लङ्ग देखिने पारदर्शी लुगा र अत्यधिक मेकअप बाइबल स्कूलका विद्यार्थीहरूका लागि उपयुक्त छैन ।

**22.** For Saturday morning, we ask the students to dress nicer if possible. Outside the classroom or in the dorm, students may dress more casually. But please do not wear your nightwear or pajamas outside the dorm.
शनिबार बिहानका लागि, सम्भव भए विद्यार्थीहरूलाई अलि राम्रो पहिरनमा आउन अनुरोध गर्छौं । कक्षाकोठा बाहिर वा छात्रावासमा विद्यार्थीहरूले साधारण आरामदायी पहिरन लगाउन सक्छन् । तर कृपया आफ्नो सुत्ने लुगा/पाइजामा लगाएर छात्रावासबाहिर ननिस्कनुहोस् ।

**23.** We want all students to learn without distraction. For this reason, students are not allowed to have cell phones, laptops, and mp3 players. These create a disturbance for other students.
हामी सबै विद्यार्थीहरूले एकाग्र भई सिकून् भन्ने चाहन्छौं । यसैकारण, विद्यार्थीहरूलाई मोबाइल फोन, ल्यापटप र mp3 प्लेयर राख्ने अनुमति छैन । यसले अन्य विद्यार्थीहरूलाई बाधा र अशान्ति पुर्याउँछ ।

**24.** Students must not post derogatory or disparaging statements about Heart of Jesus Bible School on social media. Grievances should be brought to the RAs and not aired on the internet.
विद्यार्थीहरूले हार्ट अफ जीसस बाइबल स्कूलका बारेमा सामाजिक सञ्जालमा अपमानजनक वा निन्दात्मक कुराहरू पोस्ट गर्नु हुँदैन। गुनासाहरू RA समक्ष राख्नुपर्छ, इन्टरनेटमा फैलाउनु हुँदैन ।

**25.** The school will not share the personal information of our teachers with our participants, and the school will not share the personal information of our participants with our teachers.
बाइबल स्कूलले शिक्षकहरूको व्यक्तिगत जानकारी विद्यार्थीहरूलाई दिने छैन, र विद्यार्थीहरूको व्यक्तिगत जानकारी शिक्षकहरूलाई दिने छैन ।

**26.** Every student must attend the weekly exams.
सबै विद्यार्थीहरूले साप्ताहिक परीक्षामा अनिवार्य रूपमा सहभागी हुनुपर्छ ।

**27.** Aside from all the rules listed here, all students are expected to follow their conscience, behave in a way that is pleasing to God, and manifest Christ-like character at all times, both in their actions and attitude.
यहाँ उल्लेख गरिएका सबै नियमबाहेक, सबै विद्यार्थीहरूले आफ्नो विवेक पालना गर्ने, परमेश्वरलाई प्रसन्न पार्ने किसिमले व्यवहार गर्ने, र आफ्ना कार्य र मनोवृत्ति दुवैमा सधैं ख्रीष्ट-समान चरित्र प्रकट गर्ने अपेक्षा गरिन्छ ।

**28.** Students who violate these rules may be punished and/or receive a written warning. If the violation is serious or repeated, the student will be sent home.
यी नियमहरू उल्लङ्घन गर्ने विद्यार्थीहरूलाई सजाय दिइन सकिनेछ वा लिखित चेतावनी दिइनेछ । उल्लङ्घन गम्भीर वा पटक-पटक भएमा त्यस विद्यार्थीलाई घर पठाइनेछ ।

**29.** Dismissed students will be asked to leave the school compound within 24 hours. They will be given no refund of school fees. The student will be asked not to return to Bible School or visit the church compound for any reason without permission.
निष्कासित विद्यार्थीहरूले २४ घण्टाभित्र बाइबल स्कूल परिसर छोड्नु पर्नेछ । उनीहरूलाई बाइबल स्कूल शुल्क फिर्ता दिइनेछैन। अनुमतिबिना कुनै पनि कारणले बाइबल स्कूलमा फर्कन वा चर्च परिसरमा नआउन भनिनेछ ।

**30.** School fees are non-refundable. The school will not return any portion of the school fees to a student who either drops out of school or is dismissed.
बाइबल स्कूलको शुल्क फिर्ता हुनेछैन । बाइबल स्कूल बीचैमा छोड्ने वा निष्कासित हुने विद्यार्थीलाई बाइबल स्कूलले शुल्कको कुनै पनि अंश फिर्ता गर्नेछैन ।

**31.** These rules may be changed or updated throughout the school term as the school authorities deem necessary.
बाइबल स्कूल प्रशासनले आवश्यक ठानेमा यी नियमहरू बाइबल स्कूल सत्रभर परिवर्तन वा अद्यावधिक गर्न सक्नेछ ।